२०८१/०८२ को नगर कार्यपालिकाको २१औ वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |
| | श्री टेकावती ढकला | | शाखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकीय अधिकृत |

श्री हरि पराजुली

प्रमाणित

# आर्थिक वर्ष २०८१/०८२ को एकाइसौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरु: मितिः (२०८२/०२/२०)

१. चालु आर्थिक वर्षको विनियोजन विधेयक, २०८१ संशोधन गर्न नगर सभामा पेश गर्ने सम्बन्धमा,

२. महालेखा परीक्षकको कार्यालय बाट प्राप्त भएको २०८०/०८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी नियमित गर्नु पर्ने वेरुजु नगर सभामा पेश गर्ने सम्बन्धमा,

३. भू-उपयोगको क्षेत्र परिवर्तन गर्न नगरसभामा पेश गर्ने सम्बन्धमा,

४. विविध

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा भिमाद नगरपालिकाको सत्रौं नगर अधिवेशनले आ.ब. २०८१/०८२ को लागि पारित गरेको भिमाद नगरपालिकाको विनियोजन ऐन, २०८१ मा समसामयिक संशोधन गर्न आवश्यक भएकोले उक्त ऐनलाई संशोधन गर्न बनेको भिमाद नगरपालिकाको विनियोजन विधेयक २०८२ स्वीकृतिका लागि उन्नाइसौं विशेष नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.ब. ०८०/०८१ **महालेखा परीक्षकको कार्यालयबाट प्राप्त भएको २०८०/०८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औलाएको वेरुजुको सम्बन्धमा** लेखा समितिमा छलफल गरी नियमित गर्नुपर्ने वेरुजुको सम्बन्धमा लेखा समितिले गरेको सिफारिसलाई विशेष नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा भू-उपयोग ऐन, २०७६ र सोही नियमावली, २०७९ अनुसार यस नगरपालिकाको भू उपयोगको क्षेत्र वर्गीकरण गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएकोमा विभिन्न व्यक्तिहरुले आफ्नो जग्गाको भू उपयोग क्षेत्र परिवर्तन गरिदिन निवेदन दिएको हुँदा प्राविधिक प्रतिवेदनको आधारमा निवेदकहरूको माग अनुसार २०८१ माघ महिना देखि २०८२ जेठ २० सम्म प्राप्त भएका तपसिल बमोजिमका कित्ताहरुको भू उपयोग क्षेत्र परिवर्तन गर्न नगरसभा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | वडा न. | नक्सा सि.न. | कित्ता न. | क्षेत्रफल | भएको | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| १ | ३ | सामुङ भगवतीपुर ४ झ | ६४३ | ०-३-३-३ | सार्वजनिक | आवास |
| २ | ३ | सामुङ भगवतीपुर ४ झ | १०११ | ४-१-०-२ | सार्वजनिक | आवास |
| ३ | ६ | भिमाद १ ख | २४० | ०-२-०-० | सार्वजनिक | आवास |
| ४ | ३ | सामुङ भगवतीपुर ४ झ | ६१४ | ०-३-३-३ | सार्वजनिक | आवास |
| ५ | ६ | भिमाद १ ख | २८२ | ०-१-१-० | सार्वजनिक | आवास |
| ६ | ६ | भिमाद १ ख | ७३६ | ०-२-०-३ | छुट भएको | आवास |
| ७ | ८ | भानुमती ३ क | ९९ | ४-१३-३-१ | सार्वजनिक | आवास |

| क.स. | वडा न. | नक्सा सि.न. | कित्ता न. | क्षेत्रफल | भएको | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| ८ | ७ | भिमाद २ ग | ६०१ | ०-३-२-२ | छुट भएको | आवास |
| ९ | ६ | भिमाद १ ङ | ६४३ | ०-२-०-२ | सार्वजनिक | आवास |
| १० | ६ | भिमाद १ ङ | ९७० | ०-१-३-१ | छुट भएको | आवास |
| ११ | ६ | भिमाद १ घ | ६११ | १-५-०-१ | छुट भएको | आवास |
| १२ | ९ | भानुमती ८ घ | १३ | १-९-३-० | वन जङ्गल | आवास |
| १३ | ६ | भिमाद १ ख | २४८ | ०-४-०-० | सार्वजनिक | आवास |
| १४ | ६ | भिमाद १ ङ | ८५८ | ०-०-२-० | छुट भएको | आवास |
| १५ | ६ | भिमाद १ ङ | १०७२ | ०-१४-१-१ | कृषी | आवास |
| १६ | ६ | भिमाद १ ङ | ५९३ | ०-१-१-० | सार्वजनिक | आवास |
| १७ | ६ | भिमाद १ ङ | १०७३ | १-१-०-३ | कृषी | आवास |
| १८ | ६ | भिमाद १ ङ | ११४० | ०-२-०-१ | सार्वजनिक | आवास |
| १९ | ६ | भिमाद १ ङ | ११३८ | ०-२-०-१ | सार्वजनिक | आवास |
| २० | ६ | भिमाद १ ङ | ८५१ | ०-१-०-२ | कृषी | आवास |
| २१ | ६ | भिमाद १ ङ | ४५२ | ०-९-१-१ | कृषी | आवास |
| २२ | ६ | भिमाद १ ङ | ४३० | ०-१-३-३ | छुट भएको | आवास |
| २३ | ६ | भिमाद १ ङ | ९३२ | ०-११-०-० | कृषी | आवास |
| २४ | ६ | भिमाद १ ङ | ९५ | ०-४-१-० | सार्वजनिक | आवास |
| २५ | ६ | भिमाद १ ङ | ६५७ | ०-३-३-० | छुट भएको | आवास |
| २६ | ३ | सामुङ भगवतीपुर ९ घ | ३६४ | ३-६-०-३ | कृषी | आवास |
| २७ | २ | अरुणोदय १ ख | १७३ | १-७-३-२ | सार्वजनिक | कृषी |
| २८ | २ | अरुणोदय १ ख | ८९ | ०-१४-०१-३ | सार्वजनिक | कृषी |
| २९ | २ | अरुणोदय १ ख | ३९३ | ०-१२-०-० | सार्वजनिक | कृषी |
| ३० | २ | अरुणोदय ९ च | १६६ | ०-६-२-३ | सार्वजनिक | आवास |
| ३१ | २ | अरुणोदय ९ च | ३४ | २-९-१-२ | सार्वजनिक | आवास |
| ३२ | ६ | भिमाद १ ङ | १६५९ | ०-२-०-३ | सार्वजनिक | आवास |
| ३३ | ६ | भिमाद १ ङ | ८५३ | ०-१-१-२ | छुट भएको | आवास |
| ३४ | ६ | भिमाद १ ङ | ८५५ | ०-१-०-३ | छुट भएको | आवास |
| ३५ | ६ | भिमाद १ ङ | ९५६ | ०-१-१-१ | छुट भएको | आवास |
| ३६ | ६ | भिमाद १ ङ | ९५२ | ०-०-२-२ | छुट भएको | आवास |
| ३७ | ६ | भिमाद १ ङ | १५९३ | ०-६-२-० | सार्वजनिक | आवास |
| ३८ | ६ | भिमाद १ ङ | १६११ | ०-३-२-१ | सार्वजनिक | आवास |
| ३९ | ६ | भिमाद १ख | १३६८ | ०-३-३-० | सार्वजनिक | आवास |
| ४० | ५ | सामुङ भगवतीपुर ५ ङ | १९२ | १-१०-२-३ | सार्वजनिक | आवास |
| ४१ | ५ | सामुङ भगवतीपुर ५ ज | ५२ | ३-५-१-३ | सार्वजनिक | आवास |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विधेयक समितिले पेश गरेको विपद् जन्य घटनाबाट घरबास गुमाउने गरिब तथा विपन्न परिवारलाई वितरण गरिने निजी आवास पुन निर्माण अनुदानलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन भिमाद नगरपालिका विपदबाट प्रभावित गरिब तथा विपन्न परिवारलाई निजी आवास निर्माण अनुदान उपलब्ध गराउने कार्यविधि, २०८२ स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८१।०८२ मा आय ठेक्का लगाइएको भिमाद नगरपालिका नगर वडा नं. ५ मा अवस्थित सेती नदि किनारको माथिल्लो गेरुवा घाटमा ठेक्का सम्झौता गरेका श्री जयरत्न कनस्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.ले ग्राभेल पागोले गर्दा सवारी साधन आवत जावत गर्न समस्या परेकोले जे. सि.बी. मेसिन प्रयोग गरी घाट सरसफाइ गरी पाउँ भनी निवेदन पेश भएको हुँदा निवेदकको माग बमोजिम जयरत्न कनस्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि लाई दुई दिनको लागि ईलाका प्रहरी र नगर प्रहरीको रोहबरमा घाट सरसफाइको लागि जे.सि.बि. प्रयोगको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद-रामपुर- आरुङखोला सडक कालोपत्रे योजनाको लागि भिमाद वडा नं. १ कुलुङखोला पुलमा रहेको कुलुङखोला पुल निर्माण गर्दा प्रयोग गरी बाँकी रहेका ढुङ्गा मध्येबाट प्राविधिक प्रतिवेदनको आधारमा १०० घन मिटर ढुङ्गा नियम अनुसार राजश्व रकम लिई अकलादेवी लक्ष्मी जेभीलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गत आ.ब २०८०/०८१ मा ७०% अनुदानमा उखु पेल्ने मेशिन खरिद तथा वितरण कार्यक्रम रहेको र उक्त कार्यक्रम संचालनका लागि मेशिन खरिद गर्ने कार्य भएको तर प्राविधिक निरीक्षण गरी भुक्तानी प्रकृया सम्पन्न गर्ने कार्य बाँकी रही मिति २०८१/०३/२६ को नगर कार्यपालिकाको निर्णय अनुसार भुक्तानी बाँकी रहेको कार्यक्रम समावेश गरिएकोमा प्राप्त भएको मेशिन स्वीकृत प्राविधिक स्पेशिकेशनसँग मेल खाए नखाएको र उक्त मेशिनको हालको बजार भाउ बुझी प्रतिवेदन पेश गर्न आर्थिक विकास समितिको संयोजक श्री प्रकाश श्रेष्ठको संयोजकत्वमा तपसिल बमोजिमका सदस्य रहने गरी निरीक्षण समिति गठन गर्ने निर्णय गरियो

तपसिल

| | |
|---|---|
| आर्थिक विकास समितिका संयोजक श्री प्रकाश श्रेष्ठ | संयोजक |
| कार्यपालिका सदस्य श्री सन्दीप नगर्ची | सदस्य |
| आर्थिक विकास शाखाका प्रमुख श्री अजय सुवेदी | सदस्य |
| कृषि इन्जिनियर श्री अनोज धिताल | सदस्य |
| कृषि शाखा प्रमुख श्री सुस्मिता गौतम | सदस्य सचिव |

## निर्णय नं. ८

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकामा देहाय अनुसार कार्यक्रमहरु संचालनको लागि वडा कार्यालयको सिफारिस साथ निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजनाको तपसिल बमोजिकको शीर्षकबाट निम्न अनुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | ठेगाना | प्रविधिक लागत अनुमान भएको/नभएको | विनियोजित रकम रु | शीर्षक नं. र नाम |
|---|---|---|---|---|---|
| १ | जिदी खोला सिहाले नदि कटान नियन्त्रण योजना | भिमाद ७ | भएको | १,३८,०००/- | सि.नं.१५३ लागत सहभागितामा सञ्चालन गरिने पूर्वाधार योजना, उत्पादनमुलक सामाग्री खरिद समेत |
| २ | आँपबोटे खेत सिचाई | भिमाद ५ | भएको | ९०६७५/- | सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत शिर्षकबाट |
| ३ | वन्टयाङखोला कल्भर्ट मर्मत योजन | भिमाद ५ | भएको | ५,४४,०००/- | |

## निर्णय नं. ९

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम सि.न. ११ को खर्च शिषर्क बमोजिम भिमाद नगरपालिकाको स्थायी बासिन्दा भई नगरपालिकाको सामुदायिक विद्यालयमा अध्ययन गरी एसइइ उत्तीर्ण गरेका विधार्थीहरुले एम.वि.विएस. अध्ययन गर्नको लागि छात्रावृतिमा छनोट भएका विधार्थोहरुलाई भिमाद नगरपालिकाको शिक्षा समितिबाट सिफारिस भएका तपसिल बमोजिम विधार्थीहरुलाई छात्रावृति रकम प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | विधार्थीको नाम थर | ठेगाना | रकम रु |
|---|---|---|---|
| १ | शैली तिम्सिना | भिमाद-३ | १,००,०००/- |
| २ | सुगम बनियाँ क्षेत्री | भिमाद-६ | १,००,०००/- |

## निर्णय नं. १०

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ. व. ०८१/०८२ मा वार्षिक नगर विकास योजनाको सि.नं ७१ मा नगरपालिकामा दलित समुदाय लक्षित कार्यक्रम सञ्चालन अन्तर्गत यस अघि नगरपालिकाबाट सञ्चालित नेतृत्व विकास तालिम लिइसकेका दलित महिलाहरूका लागि प्रत्येक वडाबाट ३/३ जना सहभागीको नामावली माग गरी नेतृत्व विकास सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गर्ने निर्णय भयो ।

## निर्णय नं. ११

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ. ब. २०८१/८२ मा वार्षिक नगर विकास स्वीकृत भएको तपसिल बमोजिमको कार्यक्रमबाट रकमान्तर गर्ने निर्णय गरियो ।

| साबिकको शीर्षक | | रकमान्तर गर्नुपर्ने शीर्षक | |
|---|---|---|---|
| नाम | रकमान्तर गर्नुपर्ने रकम | नाम | रकमान्तर गर्नुपर्ने रकम |
| लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना, उत्पादन मुलक सामाग्रि खरिद समेत सि नं १५३ बाट | २०,००,००० विष लाख मात्र | नगर कार्यपालिकाको निर्णय अनुसार सडक सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.का भुक्तानी बाँकी योजना समेत सि नं १५१ मा | २०,००,००० विष लाख मात्र |

## निर्णय नं. १२

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस अघि कार्यपालिकाको बैठकबाट नेपाल मगर संघ भिमादलाई आ.ब. २०८०/०८१ को वार्षिक नगर विकास योजनाको सि.न. ६३ आदिवासी जनजाति शीर्षकबाट रकम रु ५०,०००/- अक्षेरुपी पचास हजार भुक्तानी गर्ने हुनुपर्नेमा अन्यथा भएकोले सोही बमोजिम संशोधन गर्ने साथै सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिँचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरू समेत शीर्षकबाट धुवाखोला माथिल्लो कुलो निर्माण र पहिरो फाल्ने योजनाको लागि ६८,०००/- भुक्तानी गर्ने हुनु पर्नेमा अन्यथा भएकोले यसै बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १३

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने र आ.व. ०८२/०८३ को बजेट पेश गर्नका लागि मिति २०८२/०३/१० गते मङ्गलवारको दिन भिमाद नगरपालिकाको सभाहलमा विहान ११:०० वजे सुरु हुने गरी नगर सभाको विसौं अधिवेशन आव्हान गर्ने निर्णय गरियो ।